नेपाल सरकार
सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार काठमाण्डौं

प.सं. २०७२।७३
च.नं.१.१.३/६८३

मितिः-२०७३।०२।२६

*विषयः- सरकारी रकमबाट प्राप्त व्याज सम्बन्धमा।*

श्री विरगंज उप-महानगरपालिका कार्यालय,
विरगंज, पर्सा ।

प्रस्तुत विषयमा तहाँको च.नं. ९६२४/०७२/७३ मिति २०७३।०२।२१ को पत्र प्राप्त भै व्यहोरा अनुरोध भयो ।

सरकारी कारोबार सञ्चालन निर्देशिका, २०७१ को परिच्छेद ९ विविध ९.१ मा अन्य खाता खोल्न नपाइने, साथै परिच्छेद ४ र ५ मा लेखिए मुताविक सरकारी खाता खोल्नुपर्ने सरकारी कार्यालय, विकास आयोजना आदिको नाममा सरकारी अडडा खाता तथा स्थानीय निकाय खाता अन्तर्गतको खाता बाहेक चल्ती खाता लगाएतका अन्य खाता खोल्न पाइने छैन भन्ने स्पष्ट व्यवस्था रहेको छ । सोही निर्देशिकाको परिच्छेद ५ मा स्थानीय निकाय खाताहरु र सञ्चालन विधिको व्यवस्था रहेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुरुप स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले नगरपालिकाको कोष र यसको सञ्चालन सम्बन्धी व्यवस्था गरेको छ । यसर्थ प्रस्तुत विषयमा देहाय अनुसार गर्नु हुन आदेशानुसार अनुरोध छ ।

१. माथि उल्लेखित कानूनी व्यवस्था भन्दा बाहिर गै (विपरीत हुने गरी) नगरपालिकाको कोष सञ्चालन नगर्ने । यस्तो भए गरेको भएमा अविलम्ब कानूनी व्यवस्थाको दायरामा ल्याउने ।

२. पत्रबाट अनुरोध भै आएको त्यस कार्यालय अन्तर्गत रहेको मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजनाको नाममा के, कसरी र कसको सिफारिसमा नविल बैंकमा बचत खाता खोली सरकारी बजेट जम्मा गरिएको हो सोको विवरण अविलम्ब पेश गर्ने ।

३. के कति रकम कहिले देखि जम्मा भएको हो हाल सम्मको यथार्थ स्थिति तयार गरि प्रचलित कानून अनुसार नगरपालिकाको कोषमा राख्ने व्यवस्था तत्कालै गर्ने ।

४. तहाँको पत्रमा उल्लेख भए अनुसारको व्याज रकमलाई नगरपालिकाको आन्तरिक आम्दानीको रुपमा रहने गरि उपयुक्त शिर्षकमा लेखाङ्कन गरि नगरपालिकाको कोष खातामा राख्ने ।

नेपाल सरकार
सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार काठमाण्डौं

प.सं. २०७२।७३
च.नं.१.१.३/

५. यसरी सरकारी रकम अन्यत्र कारोबारमा रहनुलाई आर्थिक अनियमितताको रुपमा समेत लिन सक्ने हुँदा यस प्रकारको खाता खोल्ने कार्यमा संलग्न निर्णय कर्ता र अवलम्बन भएको प्रक्रियाको विवरण तयारी गरी अविलम्ब पेश गर्ने ।

६. यस प्रकारको अन्य कुनै कारोबार रहे गरेको भएमा सो समेत यसै अनुसार गर्ने व्यवस्था मिलाउने

७. सबै नगरपालिकाहरुले उपरोक्तानुसारको सरकारी रकम आर्थिक कारोबार भएको सुनिश्चितता गर्ने । अन्यथा सम्बन्धित पदाधिकारीहरु स्वंय जिम्मेबार हुनुपर्ने ।

..............................
सुवास चन्द्र शिवाकोटी
उप सचिव (लेखा)

**बोधार्थः-**

श्री महालेखा परीक्षकको कार्यालय,
संघीय मामिला तथा स्थानीय विकास निर्देशानालय, पूल्चोक ।

श्री महालेखा नियन्त्रक कार्यालय,
कोष प्रशासन महाशाखा, अनामनगर ।

श्री नगरपालिका व्यवस्था महाशाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिहंदरबार ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
पर्शा- सरकारी कारोबार सञ्चालनको सम्बन्धमा नियमनका लागि अनुरोध ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग,
बबरमहल ।

श्री नेपाल राष्ट्र बैंक,
थापाथलीः- सरकारी कारोबारमा सम्बन्धमा बैकहरुको संलग्नता र निर्देशनका लागि अनुरोध

श्री महानगरपालिका/उपमहानगरपालिका /नगरापालिका ,
सबैः- उपरोक्तानुसार आर्थिक कारोबारको सुनिश्चितता गर्नु हुन ।

श्री सूचना तथा विद्युतीय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयः- **website** मा राखिदिनु हुन ।

E:\Letters\Letter Pad 072.73.doc